**गाउँ सभाका सभाध्यक्ष,**

**गाउँ सभामा उपस्थित सभाका सदस्य ज्यूहरु**

१. नाम्खा गाउँपालिका गाउँसभा को १५ औं अधिवेशनमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. नेपालको लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, जनयुद्ध तथा समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका संघर्षहरू र २०८२ भाद्र २३ र २४ गते भएको नवयुवा (JenZ) आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते, अपाङ्गता भएका योद्धा, बेपत्ता परिवार तथा परिवर्तनका अभियन्ताहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. नेपालको संविधान जारी भएपछि दोस्रो पटक स्थानीय तह निर्वाचन सम्पन्न भई आज हामी आ व २०८३।०८४ को १५ औं गाउँ सभाको पूर्वसध्यामा पुगेका छौ । गाउँपालिकाको समृद्दी र विकासका लागि आगामी आर्थिक बर्षको बजेट प्रस्तुती गर्न पाउँदा अत्यधिक गौरवमान्वीत ठानेको छु । यस अवसरमा गाउँसभाका समस्त सभा सदस्यहरुलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहान्छु ।

४. हाम्रो गाउँपालिकामा देखिएका विभिन्न समस्या एवं चुनौतीलाई सम्बोधन गर्दै स्थानिय अर्थतन्त्रलाई गतिशील र सबल बनाउने, स्थानियस्तरका उत्पादनहरुलाई उच्च प्राथमिकतामा राखी स्थानिय युवायुवतीहरुको उत्पादन क्षेत्रमा सकृय र प्रभावकारी भूमिका निर्वाह हुने छ भने यसबाट स्थानिय उत्पादनहरुलाईवृद्धि गरी सबल र बलियो अर्थतन्त्र निर्माण गर्ने नीतिलाई निरन्तरता दिने गरी आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु।

५. आगामी आर्थिक बर्षको बजेट गाउँपालिकाको सर्वोतम हित एवं समृद्धि, सुशासन र सामाजिक न्याय र आवश्यकतामा आधारित समग्र विकासको परिधि भित्र रहेर बजेट तथा कार्यक्रमहरु लक्षित हुनेछ। यस गाउँपालिकाका, युवालाई मुलुकभित्रै आर्थिक गतिविधिमा आबद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशीलता विकासमा सकृय सहभागीता गराई गरिबी न्यूनीकरण गर्ने, स्थानिय स्रोत र साधनको भरपुर प्रयोग र प्रभावकारी उपयोग गरी परिणाममुखी र नतिजामुखी वनाउन यो बजेट उन्मुख रहेको छ भन्ने मैले आशा लिएको छु।

६. यस गाउँपालिकाको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आवधिक योजना, दिगो विकास लक्ष्य, क्षेत्रगत नीतिहरु र मध्यमकालिन खर्च संरचना लगायतका सवैको उपयुक्त सल्लाह सुझावलाई हृदयगम गर्दै उक्त सुझावहरुलाई समेत आधारमा राखी बजेट तथा कार्यक्रम बनाएको छु ।

७. आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तर्जुमा गर्दा जनचहाना, आवश्यकता र जनअपेक्षालाई सम्बोधन गर्ने, स्थानिय अर्थतन्त्र र वेरोजगारमा देखिएका मुलभूत समस्या र हाम्रो समाजमा देखिएका अप्ठ्याराहरू हटाई जनताका आशा र भरोसालाई प्रमुख प्राथमिकतामा राखी कार्यान्वयनका क्रममा उत्पन्न समस्या र चुनौतिलाई समयमै समाधान गर्नु पर्ने जिम्मेवारी बोध गरेको छु। यस विषयमा समग्र जनप्रतिनिधि, स्थानीय सार्वजनिक प्रशासन, स्थानीय स्तरमा रहेका संघ संस्था, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार, सञ्चारकर्मी र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट स्थानीय पूर्वाधार विकास, अर्थतन्त्र र बेरोजगारीमा देखिएका विद्यमान चुनौती सामना गर्न यस बजेटले हाम्रो लक्ष्य हासिल गर्न सक्नेछ भन्ने विश्वास लिएको छु।

सभाध्यक्ष महोदय,

८. आर्थिक वर्षको हाल सम्मको विद्यमान अवस्था, उपलब्धी र चुनौतिहरुको बारेमा अवगत गराउन चाहन्छु ।

**आर्थिक वर्ष २०८२/०८३ को समीक्षा, उपलब्धि तथा सिकाइ**

आर्थिक वर्ष २०८२/०८३ नाम्खा गाउँपालिकाका लागि उपलब्धि, चुनौती र सिकाइको वर्षका रूपमा रहेको छ । सीमित स्रोतसाधन, दुर्गम भौगोलिक अवस्था, विकासको बढ्दो आवश्यकता एवम् आकांक्षा तथा जलवायु परिवर्तनका असरका बीच गाउँपालिकाले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा सुशासनका क्षेत्रमा विभिन्न कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गरेको छ ।

संघीय सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदार संस्था, निजी क्षेत्र, सहकारी संस्था तथा स्थानीय समुदायको सहकार्यमा गाउँपालिकाले आधारभूत सेवा प्रवाह, विकास निर्माण तथा सामाजिक रूपान्तरणका क्षेत्रमा महत्वपूर्ण प्रयास गरेको छ। तथापि उपलब्ध स्रोत र आवश्यकताबीचको अन्तरका कारण अपेक्षित विकास उपलब्धि हासिल गर्न अझ थप प्रयास आवश्यक रहेको छ ।

चालु आर्थिक वर्षमा गाउँपालिकाले कृषि तथा पशुपालन, शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाइ, सडक, सामाजिक सुरक्षा, महिला तथा युवा विकास, वातावरण संरक्षण तथा सुशासन प्रवद्धनलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको थियो। नागरिकको आधारभूत आवश्यकता सम्बोधन, सेवा प्रवाह सुधार तथा विकास पूर्वाधार विस्तारमा विशेष जोड दिइएको थियो ।

विकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा स्थानीय स्रोत र साधनको परिचालन, संघीय तथा प्रादेशिक सरकारसँगको समन्वय तथा नागरिक सहभागितालाई प्राथमिकता दिइएको थियो

तथापि वित्तीय स्रोतको सीमितता, प्राविधिक जनशक्तिको अभाव तथा दुर्गम भूगोलका कारण केही क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न चुनौती रहेको छ ।

**प्रमुख उपलब्धिहरू**

- कृषि तथा पशुपालन क्षेत्रमा कृषक प्रोत्साहन, उन्नत बीउबिजन वितरण, फलफूल, बुध्दचित्तको विरुवा तथा नगदेबाली प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा पशुधन संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरिएका छन् । कृषि उत्पादन वृद्धि तथा पशुपालन व्यवसायलाई आयआर्जनसँग जोड्ने प्रयास गरिएको छ ।
- शिक्षा क्षेत्रमा विद्यालय व्यवस्थापन सुधार, शैक्षिक गुणस्तर अभिवृद्धि, छात्रवृत्ति वितरण, उत्कृष्ट शिक्षक, विद्यार्थी, कर्मचारी पुरस्कार तथा विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यक्रम सञ्चालन गरिएका छन्।
- स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार, खोप कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थाको सुदृढीकरण, स्वास्थ्य संस्थाहरुको मर्मत, पूर्वाधार विकासमा ध्यान केन्द्रित गरिएको छ ।
- संघीय प्रदेश सरकारसंगको सहकार्य समेत गरी सडक, खानेपानी, सिँचाइ तथा सार्वजनिक पूर्वाधार निर्माण तथा मर्मतसम्भारका कार्यहरू सञ्चालन गरिएका छन् । विभिन्न बस्ती तथा वडाहरूमा आधारभूत पूर्वाधार विस्तार गरी नागरिकको सेवा पहुँच सुधार गर्ने गरिएको छ।
- महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक तथा विपन्न समुदाय लक्षित कार्यक्रममार्फत सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षालाई थप सुदृढ बनाउने प्रयास गरिएको छ ।

**प्रमुख चुनौतीहरू**

**उल्लेखनीय उपलब्धिका बाबजुद गाउँपालिकाले निम्न चुनौतीहरूको सामना गरिरहेको छः**

- कृषि तथा पशुपालनको न्यून व्यवसायीकरण ।
- उत्पादन र बजारबीचको कमजोर सम्बन्ध ।
- युवा जनशक्तिको वैदेशिक तथा आन्तरिक पलायन ।
- सीमित आन्तरिक आय तथा वित्तीय स्रोत ।
- भौगोलिक अवस्थिती तथा यातायात पहुँचको समस्या ।
- जलवायु परिवर्तनका कारण पानीका मुहान तथा कृषि प्रणालीमा परेको असर ।
- दक्ष प्राविधिक जनशक्ति तथा संस्थागत क्षमताको अभाव ।
- संघीय तथा प्रादेशिक अनुदानमा उच्च निर्भरता ।

**सिकाइ तथा अनुभव**

विगतका कार्यहरुको अनुभवहरूले विकासका कार्यक्रमहरूलाई प्रत्यक्ष उत्पादन, आयआर्जन तथा रोजगारीसँग जोड्नुपर्ने आवश्यकता स्पष्ट पारेका छन्। नयाँ आयोजना थप्नेभन्दा सञ्चालनमा रहेका तथा अधुरा आयोजनाहरू समयमै सम्पन्न गर्नु बढी प्रभावकारी हुने देखिएको छ ।

कृषि, पशुपालन, पर्यटन, जडीबुटी तथा स्थानीय उत्पादनमा आधारित कार्यक्रमहरूले स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन सक्ने सम्भावना देखिएको छ। त्यसैगरी जलस्रोत तथा मुहान संरक्षणलाई विकास प्रक्रियाको अभिन्न अंगका रूपमा अघि बढाउनुपर्ने आवश्यकता महसुस हुनुका साथै पारदर्शिता, जवाफदेहिता, वित्तीय अनुशासन तथा नागरिक सहभागिताले सेवा प्रवाहप्रति नागरिकको विश्वास अभिवृद्धि हुने अनुभव प्राप्त भएको छ ।

**आगामी वर्षका लागि मार्गदर्शन**

विगतका उपलब्धि, चुनौती तथा सिकाइका आधारमा आर्थिक वर्ष २०८३/८४ मा गाउँपालिकाले पर्यटन प्रवर्द्धन, उत्पादन वृद्धि, रोजगारी सिर्जना, कृषि तथा पशुपालनको व्यवसायीकरण, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधार, खानेपानी तथा सिँचाइ विस्तार, जलस्रोत तथा मुहान संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा सुशासन सुदृढीकरणलाई विकासको प्रमुख आधार बनाइने गरी बजेट तर्जुमा गरेको छु ।

सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै विकासलाई प्रत्यक्ष उत्पादन, आयआर्जन तथा नागरिकको जीवनस्तर सुधारसँग जोडिनेछ। संघीय सरकारको उत्पादन तथा रोजगारी केन्द्रित नीति, कर्णाली प्रदेश सरकारको कृषि तथा मानव विकास प्राथमिकता तथा नाम्खा गाउँपालिकाको स्थानीय आवश्यकताबीच समन्वय कायम गर्दै आगामी वर्षका कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् ।

नाम्खा गाउँपालिका प्राकृतिक स्रोत, कृषि, पशुपालन, जलस्रोत, जडीबुटी, जैविक विविधता तथा सांस्कृतिक सम्पदाले सम्पन्न स्थानीय तह हो। विषम भौगोलिक अवस्थाका बाबजुद गाउँपालिकामा आर्थिक तथा सामाजिक विकासका प्रशस्त सम्भावनाहरू रहेका छन्। उपलब्ध स्रोत, साधन तथा अवसरहरूको उचित उपयोगमार्फत गाउँपालिकालाई उत्पादनशील, आत्मनिर्भर र समृद्ध स्थानीय अर्थतन्त्रका रूपमा विकास गर्न सकिने आधारहरू विद्यमान छन् ।

**सभाध्यक्ष महोदय,**

**अव चालु आर्थिक वर्षको हाल सम्मको आय व्ययको यथार्थ विवरण देहाय बमोजिम भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।**

| यथार्थ आय तर्फ रु. | | | व्यय तर्फ रु. | | |
|---|---|---|---|---|---|
| | चालु शसर्त | ९,४९,९२,८५०।० | | चालु शसर्त | ४,४८,११,३०१।७० |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय सरकार | पुजिगत शसर्त | २,७८,०२,३५०।० | संघीय सरकार | पुजिगत शसर्त | ६०,८२,२३७।० |
| | राजश्व बाँडफाड | ६,८३,९४,४८९।८५ | | राजश्व बाँडफाड | ४,२८,९५,८४९।५६ |
| | समपुरक अनुदान | ० (निर्माणाधिन) | | समपुरक अनुदान | ० (निर्माणाधिन) |
| | विशेष अनुदान | ० (निर्माणाधिन) | | विशेष अनुदान | ० (निर्माणाधिन) |
| | वि.स. अनुदान | ६,६९,४१,४००।० | | वि.स. अनुदान | ७५,३५,८१६।० |
| कर्णाली प्रदेश सरकार | चालु शसर्त | १६,८७,०००।० | कर्णाली प्रदेश सरकार | चालु शसर्त | ० |
| | पुजिगत शसर्त | १,६०,००,०००।० | | पुजिगत शसर्त | ३१,५३,९०५।० |
| | राजश्व बाँडफाड | ९,०१,५४०।० | | राजश्व बाँडफाड | ३,५०,०००।० |
| | समपुरक अनुदान | ६,७३,९७६।० | | समपुरक अनुदान | ६,७३,९७६।० |
| | विशेष अनुदान | ० (निर्माणाधिन) | | विशेष अनुदान | ० (निर्माणाधिन) |
| | वि.स. अनुदान | ६२,१५,२८३।० | | वि.स. अनुदान | १,४९,७६०।० |
| आन्तरीक श्रोत | राजश्व | २७,२५,२३५।० | आन्तरीक श्रोत | आन्तरीक राजश्व | ०।० |
| | गत आ.व.को मौज्दात | २,९४,०१,४७८।० | | गत आ.व.को मौज्दात | ९४,९१,९८०।० |
| जम्मा | | ३१,५७,३५,६०१।८५ | जम्मा | | ११,५१,४४,८२५।२६ |

यसरी चालु आर्थिक वर्षमा हालसम्म रु. ३१ करोड ५७ लाख ३५ हजार ६ सय १ रुपैयाँ ८५ पैसा आम्दानी भएकोमा रु. ११ करोड ५१ लाख ४४ हजार ८ सय २५ रुपैयाँ २६ पैसा खर्च भएको देखिन्छ ।

**सभाध्यक्षज्यू,**

**सभाका सदस्यज्यू,**

अव आगामी आर्थिक वर्ष २०८३।०८४ को अनुमानीत आय व्ययको विवरण पेश गर्न चाहन्छु ।

| अनुमानीत आय रु. | | | अनुमानित व्यय रु. | | |
|---|---|---|---|---|---|
| संघीय सरकार | चालु शसर्त | ९,६४,००,०००।० | संघीय सरकार | चालु शसर्त | ९,६४,००,०००।० |
| | पुजिगत शसर्त | १,४६,००,०००।० | | पुजिगत शसर्त | १,४६,००,०००।० |
| | राजश्व बाँडफाड | ८,४०,४८,०००।० | | राजश्व बाँडफाड | ८,४०,४८,०००।० |
| | समपुरक अनुदान | १,०५,००,०००।० | | समपुरक अनुदान | १,०५,००,०००।० |
| | विशेष अनुदान | ६०,००,०००।०० | | विशेष अनुदान | ६०,००,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | वि.स. अनुदान | ७,४९,००,०००।० | | वि.स. अनुदान | ७,४९,००,०००।० |
| कर्णाली प्रदेश सरकार | चालु शसर्त | २१,१९,०००।० | कर्णाली प्रदेश सरकार | चालु शसर्त | २१,१९,०००।० |
| | पुजिगत शसर्त | १,८५,००,०००।० | | पुजिगत शसर्त | १,८५,००,०००।० |
| | राजश्व वाँडफाड | १३,११,८८८।२० | | राजश्व वाँडफाड | १३,११,८८८।२० |
| | समपुरक अनुदान | १,३३,००,०००।०० | | समपुरक अनुदान | १,३३,००,०००।०० |
| | विशेष अनुदान | ५०,००,०००।० | | विशेष अनुदान | ५०,००,०००।० |
| | वि.स. अनुदान | ७०,३७,०००।० | | वि.स. अनुदान | ७०,३७,०००।० |
| आन्तरीक श्रोत | अनुमानित राजश्व | ४५,००,०००।०० | आन्तरीक श्रोत | अनुमानित राजश्व | ४५,००,०००।०० |
| | चालु आ.व.को मौज्दात | १,५०,००,०००।० | | चालु आ.व.को मौज्दात | १,५०,००,०००।० |
| जम्मा | | ३५,३२,१५,८८८।२० | जम्मा | | ३५,३२,१५,८८८।२० |

यसरी आगामी आर्थिक वर्षमा रु. ३५ करोड ३२ लाख १५ हजार ८ सय ८८ रुपैयाँ २० पैसा आम्दानी अनुमान भई सोही बमोजिम खर्च हुने अनुमान गरीएको छ ।

**सभाध्यक्षज्यू,**

**सभाका सदस्यज्यू,**

**नाम्खा गाउँपालिकामा आर्थिक वर्ष २०८३/०८४ संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त अनुदान, गाउँपालिकाको आन्तरिक श्रोतवाट प्राप्त हुने रकमलाई देहाय वमोजिमका प्राथमिकताका साथ कार्यान्वयन हुने गरी बजेट तर्जुमा गरेको छु ।**

**क. उत्पादन तथा उत्पादकत्व वृद्धि**

कृषि, पशुपालन, फलफूल, जडीबुटी तथा स्थानीय उत्पादनको व्यवसायीकरणमार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि ।

**ख. रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन**

युवा जनशक्तिलाई विभिन्न क्षमता विकासका कायक्रम मार्फत उत्पादन, उद्यमशीलता, सीप विकास तथा स्वरोजगारसँग आबद्ध गर्ने ।

**ग. गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा**

शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधार गरी नागरिकको पहुँच र सहभागिता अभिवृद्धि गर्ने ।

**घ. पूर्वाधार विकास**

गुणस्तरीय सडक, खानेपानी, सिँचाइ, ऊर्जा तथा सार्वजनिक पूर्वाधारको विकासलाई प्राथमिकताका साथ अगाडि बढाउने ।

**ङ. जलस्रोत, वातावरण तथा विपद् व्यवस्थापन**

मुहान संरक्षण, जलस्रोतको दिगो व्यवस्थापन, वातावरणीय सन्तुलन तथा विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियासँग आबद्ध गर्ने ।

**च. पर्यटन तथा स्थानीय अर्थतन्त्र प्रवर्द्धन**

पर्यटन, स्थानीय उत्पादन, सहकारी तथा लघु उद्यममार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने ।

**छ. सुशासन तथा संस्थागत विकास**

सेवा प्रवाह सुधार, वित्तीय अनुशासन, डिजिटल प्रविधिको उपयोग तथा संस्थागत क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राख्ने ।

**ज. गौरवका आयोजना तर्फः**

नाम्खा गाउँपालिकाको प्रशासकीय भवन निर्माण, १५ शैया अस्पताल निर्माण र रंगिफुङ देखि तिलजुङ हुँदै हिल्सा सम्मको तुम्कोट खोला सडक निर्माणलाई गाउँपालिकाको गौरबको आयोजनाको रुपमा विकास गरी उच्च प्राथमिकताका साथ संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा आवश्यक बजेट व्यवस्था गर्ने ।

सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै विकासलाई प्रत्यक्ष उत्पादन, आयआर्जन तथा नागरिकको जीवनस्तर सुधारसँग सामञ्जस्यता कायम हुने गरी उपलब्ध श्रोतलाई देहाय बमोजिमका क्षेत्रमा परीचालन गर्ने गरी बजेट विनियोजन गरेको छु ।

१. गाउँ तथा बस्ती स्तरमा स्थानीय आवश्यकता र प्राथमिकताको आधारमा विकासका कार्यक्रम सञ्चालन गर्नका लागि वडा कार्यालय अन्तर्गत कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा रु.२ करोड ३६ लाख रुपैंया विनियोजन गरेको छु ।

२. कृषकहरुको व्यवसायीकर गरी आयआर्जनमा सुधार ल्याउनका लागि रैथाने बालीको उत्पादन तथा विस्तारलाई प्रोत्साहन गरिनुका साथै कृषिलाई निर्वाहमुखी प्रणालीबाट व्यवसायिक तथा बजारमुखी

प्रणालीतर्फ क्रमश रूपान्तरण गर्दै कृषि उत्पादन, उत्पादकत्व वृद्धि तथा कृषकको आयस्तर सुधार गर्ने गरी कार्यक्रम सञ्चालन गरीनेछ ।

३. विगतका वर्षहरुमा संघीय सरकारसंगको साझेदारीमा सञ्चालन भएका कार्यक्रमहरुलाई निरन्तरता दिंदै थोपा सिचाइ ब्यवस्थापन कार्यक्रम, संरक्षित घर भित्र मौसमि तथा बेमौसमि तरकारी खेति सम्बन्धि तालिम, उच्च घनत्व स्याउ नर्सरी विरुवा खरिद तथा बगैंचा ब्यवस्थापन कार्यक्रम, प्राङगारिक खेति प्रवर्दनको लागि घरेलु तथा जैविक मल निमार्ण कार्यक्रम, कृषि मौसम पुर्वअनुमानको लागि मेटेरोलोजी स्टेशन स्थापना, बिउ आलु भन्डारणको लागि रष्टिक घर निर्माणकार्य गर्नका लागि रु. ३५ लाख विनियोजन गरेको छु ।

४. उन्नत तथा रैथाने जातका पशु उत्पादन र वितरण कार्यक्रम, कृतिम र प्राकृतिक गर्भाधान तथा प्रजनन सुधार कार्यक्रम, पशु रोग नियन्त्रण र नियमित खोप कार्यक्रम, घाँस तथा पशु आहारा उत्पादन कार्यक्रम, पशु स्वास्थ्य शिविर तथा उपचार सेवा संचालनकार्यलाई निरन्तरता दिदै पशुपालन क्षेत्रलाई स्थानीय आयआर्जन तथा रोजगारीको प्रमुख आधारका रूपमा विकास गर्नका लागि रु. २५ लाख विनियोजन गरेको छु ।

५. स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगार सिर्जनालाई प्राथमिकता दिदै स्वरोजगार उन्मुख हुने गरी क्षमता विकास तालिम सञ्चालन गरी राष्ट्रिय सिप परीक्षण समितिसंगको सहकार्यमा लामो अवधिका तालिम सञ्चालन गरी युवा लक्षित सीप विकास तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गर्नका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

६. नाम्खा गाउँपालिकालाई पर्यटनमैत्री क्षेत्रका रूपमा विकास गरिनुका साथै धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै लिमि, रानीखर्क, लेकधिंगा, छ्युर्कु, टौफेन, रीसार्वा, शिवकुण्ड लगायतका क्षेत्रसँग जोडिएका पर्यटन सम्भावनाको राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

७. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अहमं भूमिका निर्वाह गरी SEE तथा कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा विद्यालयलाई सम्मान तथा प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिदै नाम्खाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न उत्कृष्ट सिकाइ गर्ने विद्यालय तथा शिक्षकहरुलाई तहगत रुपमा निरन्तर रुपमा प्रोत्साहन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

८. गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सर्वाङ्गिण विकास, बाल प्रतिभा पहिचान तथा खेलकुद प्रति प्रोत्साहन गर्न पालिका स्तरीय अतिरिक्त क्रियाकलाप, **विभिन्न प्रदर्शनी र अध्यक्ष कप कार्यक्रम** निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

९. राष्ट्र निर्माणको मेरुदण्ड तथा विकासको पूर्वाधारको पनि पूर्वाधार भएकोले शिक्षा क्षेत्रको विकास नाम्खा गाउँपालिकाको उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिदै

गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी तथा रोजगारमुखी शिक्षाको विकास गर्नका लागि संघीय सरकारका अतिरीक्त गाउँपालिकावाट रु. ४० लाख वजेट व्यवस्था गरेको छु ।

१०. उच्च हिमाली भूगोल, छरिएको बस्ती, सीमित यातायात पहुँच तथा स्वास्थ्य सेवामा रहेका चुनौतीहरूलाई मध्यनजर गर्दै डिजिटल स्वास्थ्य प्रणाली, टेलिमेडिसिन सेवा, मोबाइल स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य सुरक्षा, पूर्ण खोप सुनिश्चितता, आपतकालीन स्वास्थ्य सहायता तथा स्वास्थ्य पूर्वाधार सुदृढीकरणलाई प्राथमिकतामा कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

११. दुर्गम क्षेत्रका नागरिकको स्वास्थ्य सेवालाई निरन्तर पहुचयोग्य र मौसमी अवरोधरहित बनाउन **remote area health service model** लागु गर्दै आधारभूत स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर सुधार गरी हिमपात तथा यातायात अवरोधको अवस्थामा पनि औषधि अभाव हुन नदिइनुका साथै स्वास्थ्य संस्थाहरूलाई प्रविधिमैत्री तथा सेवामुखी बनाउनका लागि स्वास्थ्य शाखा अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्नका लागि रु. ४० लाख विनियोजन गरेको छु ।

१२. गाउँपालिकाको सम्पुर्ण बस्तिहरुमा सुरक्षित र स्वच्छ खानेपानि सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिंदै आवश्यकता र बजेटको आधारमा विभिन्न ठाउँहरुमा सार्वजनिक तथा संस्थागत शौचालयहरु निर्माण गरी गाउँपालिकाको अधिकाँस सामुदायहरु पुर्ण सरसफाइ उन्मुख गोषणा गर्ने व्यवस्था गरेको छु ।

१३. निर्माणाधिन खानेपानी आयोजनाको समयमै निर्माण कार्य सम्पन्न गरीनुका साथै निर्माण सम्पन्न भई समुदायमा हस्तान्तरण भएका खानेपानी आयोजनाहरुको नियमित मर्मत सम्भार गरी दिगो उपयोगको सुनिश्चितता गर्नका लागि संघीय सरकारका अतिरीक्त गाउँपालिकावाट रु.५२ लाख विनियोजन गरेको छु ।

१४. विपन्न एवम् सार्वजनिक सेवामा पहुंच स्थापित हुन नसकेका महिलाको पहिचान गरी आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणलाई प्राथमिकता दिदै महिला समूह तथा सहकारीको क्षमता अभिवृद्धि गर्दै लैङ्गिक हिंसा, घरेलु हिंसा तथा विभेदविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्नका लागि रु.१५ लाख विनियोजन गरेको छु ।

१५. युवाहरुलाई खेलकुदका क्रियाकलापमा आबद्द एवम् अभिप्रेरीत गराउनका लागि जिल्ला स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्न रु. ८ लाख विनियोजन गरेको छु ।

१६. लक्षित वर्गका लागि क्षमता विकास तथा आयआर्जन कार्यक्रम सञ्चालनलाई निरन्तरता दिंदै सामाजिक न्याय तथा समान अवसर सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरीनुका साथै अपाङ्गतामैत्री सार्वजनिक सेवा तथा संरचना विकास गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

१७. नाम्खा गाउँपालिकाको प्रशासकीय भवन निर्माण, १५ शैया अस्पताल निर्माण र रंगिफुङ देखि तिलजुङ हुँदै हिल्सा सम्मको सडक निर्माण कार्य गर्नका लागि संघीय सरकार र गाउँपालिकाको सहकार्यमा आवश्यक बजेट व्यवस्था गरेको छु ।

१८. गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षीक कार्यक्रम अन्तर्गत बजेट ब्यवस्था भई कार्यान्वयनको चरणमा रहेका गाउँपालिकाको प्रशासकीय भवन निर्माण, निर्माणाधनि भई सम्पन्न हुन नसकेका विभिन्न खानेपानी आयोजना लगायत अन्य योजनाहरुलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिने गरी बजेट व्यवस्थापन गरेको छु ।

१९. दोस्रो स्थानीय तहको निर्वाचन पश्चात गाउँपालिकामा भएका आर्थिक विकास, सामाजिक क्षेत्रमा भएको परीवर्तन, पुर्वाधार विकास लगायत वास्तविकता प्रस्तुत हुनेगरी भिडियो डकुमेन्ट्री तयार गर्नका लागि रु. १० लाख विनियोजन गरेको छु ।

२०. सूचना प्रविधिको विकास तथा डिजिटल पहुँच विस्तारलाई प्राथमिकतामा राख्दै गाउँपालिकाको सेवा प्रवाहलाई क्रमशः प्रविधिमैत्री बनाइनुका साथै सूचना प्रविधिमार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

२१. स्थानीय बस्तिहरुमा न्यायिक सचेतना विकास गर्नका लागि, न्यायमा सबैको पहुँच स्थापित गर्नका लागि आपश्यक तालित, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

२२. गाउँपालिका क्षेत्रभित्र रहेको सार्वजनिक र सरकारी जग्गाको लगत संकलन गरी सो को संरक्षण, सार्वजनिक सम्पत्तिको अभिलेखीकरण तथा व्यवस्थापनलाई व्यवस्थित गरीनुका साथै सार्वजनिक र सरकारी जग्गालाई नेपाल सरकारको नीति अनुरुप उपयोग गर्नका लागि लगत संङ्कलन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

२३. जलवायु परिवर्तन, प्राकृतिक स्रोतको बढ्दो प्रयोग तथा प्राकृतिक विपद्का कारण वातावरणीय सन्तुलनमा चुनौती उत्पन्न भइरहेको वर्तमान अवस्थामा प्राकृतिक स्रोतको संरक्षण गर्दै विपदका कारणहरुको पहिचान गरी रोकथाम गर्ने, तत्काल पुनर्स्थापना गरी राहतका कार्यक्रम सञ्चालन गर्ने, तत्काल राहतको व्यवस्थापन गर्नका लागि रु.२७ लाख विनियोजन गरेको छु ।

२४. गाउँपालिकावाट कार्यान्वयन हुने ठुला, बृहत तथा गौरवका आयोजनाहरुको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्नका लागि रु. २० लाख वजेट व्यवस्था गरेको छु ।

२५. संघीय सरकार, प्रदेश सरकार तथा साझेदार संघसंस्थाहरुसंगको सहकार्यमा लागत साझेदारीमा विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागि समपुरक कोषमा रु.३ करोड २० लाख विनियोजन गरेको छु ।

२६. गाउँपालिकाको संस्थागत तथा प्रशासनिक क्षमतालाई सुदृढ बनाइनुका साथै जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न, गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहमा सुधार गर्नका लागि आवश्यकता अनुसार अन्य स्थानीय तहसंगको सहकार्यमा तालिम सञ्चालन गरीने व्यवस्था मिलाएको छु ।

२७. नागरिकमैत्री, सरल, सहज, पारदर्शी तथा प्रविधिमैत्री सेवा प्रवाह सुनिश्चित गरिनुका साथै सार्वजनिक सेवामा नागरिकको सहज पहुँच विस्तार गरिनुका साथै नागरिक सुरक्षा, शान्ति सुव्यवस्था तथा प्रभावकारी प्रशासनिक सेवा प्रवाहका लागि सुरक्षा निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।

२८. सूचना प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाउदै डिजिटल प्रविधिमा आधारित सेवा प्रवाह प्रणाली विस्तार गरी विद्युतीय अभिलेख व्यवस्थापनलाई प्रोत्साहन गरिनुका साथै गाउँपालिका कार्यालय तथा मातहतका निकायमा विद्युतीय हाजिरी प्रणालीलाई क्रमश लागु गरीने व्यवस्था मिलाएको छु ।

२९. स्थानीय तहको वित्तीय सुशासन सुदृढ गर्न वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहितालाई निरन्तरता दिंदै बेरुजु न्यूनीकरण तथा फछ्यौंटलाई उच्च प्राथमिकतामा राखी शून्य बेरुजु उन्मुख अभियान सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

३०. गाउँपालिकाको आन्तरिक राजस्वको दायरा विस्तार गरी क्रमश; आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्नका आवश्यक श्रोत व्यवस्थापन गर्नका लागि संघीय सरकार, प्रदेश सरकार मातहतका कार्यालयहरुसंगको सहकार्यमा राजश्वको दायरा विस्तार गरीने व्यवस्था मिलाएको छु ।

३१. कर प्रणालीलाई सरल, पारदर्शी, प्रविधिमैत्री तथा करदातामैत्री बनाउदै कर तथा सेवा शुल्क सम्बन्धी स्थानीय कानुन समयानुकूल संशोधन तथा परिमार्जन गर्नुका साथै कर संकलनमा डिजिटल प्रणाली (अनलाइन बिलिङ तथा राजस्व व्यवस्थापन प्रणाली) प्रयोग गर्ने कार्यलाई निरन्तरता दिएको छु ।

३२. गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारवाट निर्धारण भए बमोजिम तलब भत्ताको व्यवस्था मिलाउनुका साथै विगतका आर्थिक वर्षहरुमा भएको व्यवस्था बमोजिम कर्मचारी प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छु ।

अन्तमा; बजेट तर्जुमाको क्रममा मैले यस सम्मानित गाउँ सभा समक्ष पेश गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा गहन छलफल गरी मार्गदर्शन गर्नु हुने गाउँपालिकाका अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू , सवै शाखा प्रमुखहरु र अन्य कर्मचारी साथीहरु प्रति कृतज्ञता ज्ञापन गर्दछु। साथै, बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने सम्पुर्ण वुध्दिजिवी वर्गहरू तथा गाउँसभा सदस्यज्यू प्रति हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद । नमस्कार । टसीदेलेक

# गाउँपालिका उपाध्यक्ष

## तक्दीर लामाले

नाम्खा गाउँपालिकाको स्थानीय सरकारको आर्थिक बर्ष २०८३।२०८४

# बजेट तथा कार्यक्रम

स्थानीय सरकार

२०८३।३। १० गते